भानु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फुर्सेटार, तनहुँ
गण्डकी, प्रदेश, नेपाल
२०७३

भानु नगरपालिका

**नगरकार्यपालिकाको कार्यालय**

फुर्सेटार, तनहुँ

# भानु नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, २०७९

तयार गर्ने

भानु नगरपालिका

**नगरकार्यपालिकाको कार्यालय**

फुर्सेटार, तनहुँ

परामर्शदाता

Consulting Services for Social and Infrastructural Development Pvt. Ltd.

चाकुपाट, ललितपुर

## सङ्क्षिप्त शब्दावलीहरूको विस्तृतीकरण

भानु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दमौली, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

| | | |
|---|---|---|
| आ.व. | : | आर्थिक वर्ष |
| वि.स. | : | विक्रम सम्वत |
| लै.स.सा.स. | : | लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण |
| CSSID | : | Consulting Service for Social and Infrastructural Development |

चण्डिका पौडेल
प्रमुख प्रशासकीय अधिकृत

भानु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फुङ्टेटार, तनहुँ
गण्डकी, प्रदेश, नेपाल
२०७३

# विषय सूचि


खण्ड एकः पृष्ठभूमी ........ १

१.१ विगतका प्रयास ........ ३

१.२ वर्तमान स्थिती ........ ५

१.३ समस्याहरु ........ ५

१.४ चुनौतीहरु ........ ६

१.५ अवसरहरु ........ ६

१.६ लैससास रणनीतिको आवश्यकता ........ ६

खण्ड दुईः लैससास रणनीति ........ ८

२.१ दीर्घकालीन सोंच ........ ८

२.२ दीर्घकालीन लक्ष्य ........ ८

२.३ उद्देश्यहरु ........ ८

२.४ रणनीति तथा कार्यनीतिहरु ........ ९

२.५ सम्भावित जोखिम र न्युनिकरणका उपायहरु ........ १५

२.६ अपेक्षित उपलब्धीहरु ........ १५

२.७ संस्थागत संरचना ........ १६

२.८ अनुगमन तथा मूल्याङ्कन ........ १७

२.९ कार्ययोजना ........ १७

२.१० कार्यान्वयन समिति ........ १९


चण्डिका पौडेल
प्रमुख प्रशासकीय अधिकृत

भानु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फुलेटार, तनहुँ
गण्डकी, प्रदेश, नेपाल
२०७३

# खण्ड एकः पृष्ठभूमी

महिला वा पुरुषले जन्मदाका समयमा लिएर आएको जैविक विशेषता वाहेक अन्य हिसावले मानवको रुपमा समान हैशियत राख्दछन। तर जन्म पश्चात समाजले छोरा र छोरीहरुलाई फरक फरक जिम्मेवारीहरु तोक्दछ र सोही अनुसारको आनिवानी विकासमा प्रोत्साहन गर्दछ। त्यसैको परिणाम स्वरुप समाजमा महिला र पुरुषमा भिन्नता उत्पन्न हुँदै जान्छ। त्यसैले महिला र पुरुषका बीचमा हुने भिन्नता अर्थात लैङ्गिक असमानतामा सम्बन्धित समाजको मुल्य, मान्यता र सोच मुख्य जिम्मेवार मानिन्छ। शरीरमा हुने अङ्गहरु स्वभाविक, वास्तविक र प्राकृतिक हुन। जसका कारणले मात्र व्यक्तिको शारीरिक, मानसिक र वौद्धिक विकासमा कुनै किसिमको प्रभाव पर्दैन वा फरक पार्दैन अर्थात व्यक्तिगत सामार्थ्य र शक्तिको सम्भावनालाई उसको शरीरमा रहेको लिङ्गले कुनै अन्तर ल्याउँदैन। तर सामाजिक रुपमा धारण गरिने लैङ्गिकता प्रतिको दृष्टिकोणका कारणले महिला वा पुरुषहरु प्रति गरिने व्यवहार, दर्शाइने दृष्टिकोण, दिइने जिम्मेवारी र उपलब्ध गराईने अवसरहरुका कारण उनिहरुको जीवनयापनका लागि आवश्यक वैयक्तिक दक्षता र क्षमता विकास प्रभावित हुन्छ। त्यसैले महिला र पुरुषका बीच लैङ्गिकताका आधारमा गरिने व्यवहार न्यायोचित मान्न सकिँदैन।

समाजले विकास गरेको लिङ्ग भएको हुनाले लैङ्गिकतालाई सामाजिक लिङ्ग भन्ने गरिन्छ। समाज द्वारा निर्मित भएकोले सामाजिक लिङ्गलाई परिवर्तन गर्न सकिन्छ। तर जुन समाजले लैङ्गिकतालाई जन्मायो र हुर्कायो उहि समाज नै परिवर्तन गर्न अग्रसर हुनु पर्दछ। कुनै समय सम्बन्धित समाजले समाज बिकासका लागि आवश्यक ठानी बनाएका सामाजिक नियमहरु समय बित्दै जाँदा कुनै वर्ग र समुदायका लागि विभेदकारी भएको महसुस हुन गयो जसलाई परिवर्तन गर्नका लागि अन्तर्राष्ट्रिय सन्धी महासन्धीहरु, संविधान, र ऐनहरुमा यसको ब्यवस्था गर्नु पर्यो र विशेष सँरचना वा आयोजना पनि जरुरी हुन गयो। त्यसैका लागि सबै तहमा लैङ्गिकता र यसले सृजना गरेका नकारात्मक असरहरुलाई हटाउन वा कम गर्नका लागि कार्यक्रम, योजना र बजेटको समेत आवश्यकता पर्न थाल्यो। विभिन्न तहका सरकारहरुले लैङ्गिकता सम्बन्धी कानुनहरु निर्माण गर्नु पर्यो। नेपालमा पनि बिगत दुई दशक देखि यस सम्बन्धमा उल्लेखनीय प्रयासहरु भएका छन।

पिछडिएका समुदायको विकासमा पछिल्ला दशकहरुमा नेपालमा केहि नतिजामुलक उपलब्धीहरु भएका छन्। तर अझैपनि सन्तुष्ट हुने नतिजा भने प्राप्त भई सेकेको छैन। महिलालाई मुनष्य वा पशुमध्ये कुन समुदाय भित्र गणना गर्ने भन्ने विषयमा समेत कुनै कालखण्डमा व्यापक वहस हुने गरेको इतिहास भेटिन्छ (राष्ट्रिय न्यायिक प्रतिष्ठान, २०६८)। त्यो अवस्थासँग तुलना गर्दा आजसम्म



चण्डिका पौडेल
प्रमुख प्रशासकीय अधिकृत

भानु नगरपालिका नगर कार्यपालिकाको कार्यालय फुलेटार, तनहुँ गण्डकी, प्रदेश,नेपाल २०७३

लैङ्गिकता विषयमा धेरै सुधार भएको छ। विगत ६ दशकको अवधिमा सँयुक्त राष्ट्रसंघको अग्रसरतामा मानव अधिकारको क्षेत्रमा सार्वजनिक गरिएका दस्तावेजहरुको पक्षराष्ट्र भएका कारणले नागरिक अधिकारको संरक्षण गर्नु सदस्य राष्ट्रहरुको दायित्व भएकाले विश्वभर महिला तथा पिछडिएका वर्गका नागरिकको हैशियतमा सकरात्मक सुधार आएको हो। तर समाजमा विद्यमान सामाजिक, सांस्कृतिक विभेद, अन्धविश्वास, कुप्रथा, कुरिति र कुसंस्कारका अवशेषहरुका कारण महिला तथा पिछडिएका समुदायका नागरिकले समान रुपमा अधिकारको उपयोग गर्न भने अझै सकेका छैनन्।

विश्वभर अहिले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवालहरु सम्वोधन नभएको विकासलाई अधुरो मान्न थालिएको छ। यसप्रकार विकासको मुलप्रवाहमा अझैसम्म पनि आउन नसकेको वर्ग जस्तैः महिला, दलित, आदिवासी, जनजाती, अल्पसंख्यक र फरक क्षमता भएका नागरिकहरुलाई पनि अधिकारको समान उपभोगमा सक्षम वनाउन केवल औपचारिक समानताले मात्र सम्भव नहुने भएकाले व्यवहारिक उपायहरु अवलम्वन गर्नुपर्दछ भन्ने मान्यता स्थापित हुँदै गयो। तत्पश्चात विभिन्न तहका सरकारहरुले समावेशिताको अभ्यास गर्नुका साथै लोकतान्त्रिक व्यवस्थामा महिला लगायत पिछडिएका वर्गका नागरिकको सशक्तिकरण र मुलप्रवाहीकरणका लागि लैङ्गिकता तथा समावेशीकरणका उपायहरु अवलम्वन गर्न आवश्यक ठानियो र सोही अनुसार अभ्यास हुन थाल्यो।

नेपालको नयाँ संविधानको प्रस्तावनामा बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गरी विविधता बीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावको संरक्षण एवम प्रवर्धन गर्दै; विभिन्न वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने सङ्कल्प गरिएको छ। संविधानको धारा १६ ले सबै व्यक्तिहरुको सम्मानपूर्वक बाँच्ने हक, धारा १७ ले स्वतन्त्रताको हक, धारा १८ ले समानताको हक, ३८ ले महिलाको हक, धारा ४२ ले सामाजिक न्यायको हक र धारा ५१ (ज) मा सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिको व्यवस्थाको साथै धारा ५२ ले राज्यले गर्नु पर्ने दायित्वको व्यबस्था गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा २४ ले गाउँपालिका एवम नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका बिषयमा स्थानीय स्तरमा विकासकालागि आवधिक, बार्षिक, रणनीतिगतरुपमा मध्यकालिन तथा दिर्घकालिन योजना बनाई लागू गर्नुपर्ने कुरालाई कानूनी दायित्वको रुपमा व्यबस्था गरेको छ र सो को उपदफा (२) मा योजना बनाउदा लैङ्गिक तथा सामाजिक समावेशीकरण



चण्डिका पौडेल
प्रमुख प्रशासकीय अधिकृत

भानु नगरपालिका नगर कार्यपालिकाको कार्यालय फुँदेटार, तनहुँ गण्डकी, प्रदेश, नेपाल २०७३

सम्बन्धी अन्तरसम्बन्धीत विषयलाई ध्यान दिनु पर्ने भनी उल्लेख गरेको छ। त्यस्तैगरी गण्डकी प्रदेश सरकारले पनि आर्थिक सामाजिक रुपले पछि परेका महिला, दलित, जनजाति, आदिवासी लगायतका विभिन्न समुदायका नागरिकको सशक्तिकरणमा वाधा पुर्याउने कारक तत्वहरु पहिचान गरी तिनको समाधान गर्ने विषयलाई पहिलो पञ्चवर्षिय योजनाको निर्देशक सिद्धान्त मानेको छ।

भानु नगरपालिकाले पनि आँफूलाई लैङ्गिकमैत्री समावेशी नगरपालिकाको रुपमा बिकास गर्ने परिकल्पना गरे अनुरुप समुदायमा पछाडी पारिएका वा परेका महिला, दलित, आदिवासी जनजाती, मुस्लिम, अल्पसङ्ख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, एकल महिला र हिंसा पीडितहरुलाई समान सहभागीता, अग्रसरता र निर्णय प्रक्रियामा सहभागीताको भूमिकासहित लैङ्गिक समानता र सामाजिक समावेशीकरणको माध्यमबाट सबैले आत्मसम्मान वोध हुने वातावरण निर्माण गर्न र नगरपालिकावाट गठन हुने समिति, संरचना र क्रियाकलापहरुलाई मुलप्रवाहीकरणको माध्यमवाट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण पद्धतीलाई संस्थागत गर्न आवश्यक देखिएकोले "भानु नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, २०७९" तर्जुमा गरिएको छ।

## १.१ बिगतका प्रयास

नेपालमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको विषयलाई सर्वत्र समान महत्व स्थापित गराउन तत्कालीन स्थानीय विकास मन्त्रालयले लैङ्गिक समानता तथा सामाजीक समावेशीकरण नीति २०६६ जारी गरेको थियो। बदलिएको राजनीतिक परिस्थिति र संवैधानिक ब्यबस्था अनूरुप संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सामाजिक समावेशीकरण नीति २०७७ तर्जुमा गरेको छ। संघीय सरकारको भावना अनुरुप भानु नगरपालिकाले पनि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई प्रबर्धन गर्दै जाने नीति तथा कार्यक्रमहरु तर्जुमा गर्ने अभ्यास गर्नुका साथै ऐन, नियम र कार्यविधि तथा मापदण्ड तर्जुमा गर्दा लैससास सम्बन्धमा सम्वेदनशिल भएर निर्माण गर्ने प्रयास गरेको छ। विगत देखिनै वार्षिक योजना तर्जुमा गर्दा लैङ्गिक तथा समावेशी सहभागीतालाई जोड दिँदै योजना तथा कार्यक्रमहरु तर्जुमा हुने गरेका छन।

विगत केहि वर्ष देखि नेपालमा महिला दलित आदिवासी जनजाती मधेशी मुस्लिम, पिछडिएका समुदाय, बालवालिका, ज्येष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका व्यक्तिहरु, सामाजिक आर्थिक वा शैक्षिक रुपमा पछाडी परेका व्यक्ति तथा समुदाय लगायतलाई विकासको समग्र प्रकृया एवम प्रतिफलको हिस्सेदार बनाई मुलप्रवाहीकरण गर्ने प्रयास गरिएको छ। यसका निमित्त स्रोत साधन र सार्वजनिक सेवामा पहुँच बढाउन, राज्यका हरेक संरचनाहरु एवम निर्णय प्रकृया र सो को



चन्द्रिका पौडेल
प्रमुख प्रशासकीय अधिकृत

भानु नगरपालिका नगर कार्यपालिकाको कार्यालय पुर्कोटार, तनहुँ गण्डकी प्रदेश, नेपाल २०७३

कार्यान्वयन प्रकृया समेतमा न्यायोचित प्रतिनिधित्व सुनिश्चित गर्न र लक्षित वर्गको सशक्तीकरणका कार्यक्रमहरु संस्थागत रुपमा कार्यान्वयन भएका छन। दशौं पञ्चवर्षीय योजना (२०५९-०६४) देखि लैङ्गिक समानता र सामाजिक समावेशीकरण अवधारणालाई अन्तर-सम्बन्धित विषय (Cross-cutting issue) का रुपमा स्थान दिन थालिएको थियो भने आ.व. २०६४/०६५ देखि नेपालमा लैङ्गिक उत्तरदायी बजेट प्रणालिको अभ्यास हुँदै आएको छ। यसै अनुरुप समावेशीकरण नीति तर्जुमा र सामाजिक समावेशीकरण सम्बन्धी संरचनाहरु निर्माण गर्ने कार्यले गति लिन थालेको छ।

वि.स. २०७२ मा जारी भएको नेपालको नयाँ संविधानले समतामुलक समाज निर्माण गर्न र सामाजिक समावेशीकरणलाई मुर्तरुप दिन विभिन्न मौलिक हकहरुको प्रत्याभुती गरेको छ। स्थानीय तहका विभिन्न पदहरुमा पनि जातीय लैङ्गिक लगायतको प्रतिनिधित्वको व्यवस्था गरिएको छ। फलस्वरुप वि.स. २०७४ मा सम्पन्न स्थानीय तहको निर्वाचनमा भन्दा वि.स. २०७९ मा सम्पन्न स्थानीय तहको निर्वाचनमा महिला तथा पिछडिएका वर्गको सहभागिता केहि वढेको देखिन्छ। आफ्नो धर्म संस्कृती एवम भाषाको संरक्षण र संवर्द्धनका लागि सचेतना तथा क्रियाशिलतामा अभिवृद्धि भएको तथा राज्यका विभिन्न अङ्ग तथा विषय क्षेत्रमा यस्ता पछाडि परेका समुदाय तथा क्षेत्रको प्रतिनिधित्व बढ्दै गएकाले समावेशीकरणको प्रकृया थप प्रभावकारी बन्दै गएको छ।

लैससास सम्बन्धी नीति तथा कार्यक्रमको प्रभावकारीताका लागि स्थानीय निकाय लैङ्गिक उत्तरदायी तथा सामाजिक समावशी बजेट तर्जुमा एवम परीक्षण निर्देशिका, २०६८ र स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधी, २०६९ अनुसार तत्कालीन स्थानीय निकायहरुले निशर्त पुँजिगत बजेटबाट कम्तिमा १० प्रतिशत रकम आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका विपन्न महिला, १० प्रतिशत बालबालिका र १५ प्रतिशत उपेक्षित वर्ग तथा समुदायका लागि छुट्याउनु पर्ने व्यवस्था थियो। साथै तत्कालिन स्थानीय निकायहरुमा महिला, दलित, आदिवासी जनजाती, पिछडिएका समुदाय, बादि, अपाङ्गता समन्वय सम्बन्धी संरचनाहरु गठन गरी ति समुदायलाई संस्थागत रुपमा शासकीय संरचनामा आवद्ध गर्ने प्रयास गरिएको र सामाजिक परिचालन मार्फत आर्थिक तथा सामाजिक रुपमा पिछडिएका समुदायको आर्थिक-सामाजिक उत्थानका लागि बिभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने प्रयासहरु भएका थिए।

चालु पन्ध्रौं योजनामा सामाजिक विषयक्षेत्र अन्तर्गत महिला, विभिन्न लक्षित समुदाय, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, बालबालिका, किशोर किशोरीहरु लगायतलाई बिकासको मुलप्रवाहमा ल्याई समावेशी र समतामुलक राष्ट्र निर्माण गर्ने विषयले उच्च महत्व पाएको छ। उक्त योजनामा अन्तरसम्बन्धित विषय अन्तर्गतको समावेशीकरण विषय उपक्षेत्रमा समानुपातिक समावेशी विकास



चण्डिका पाण्डेल
प्रमुख प्रशासकीय अधिकृत

भानु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फुस्रेटार, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

र पहुँच सुनिश्चित गरी कार्यान्वयनमा लैजान जोड दिइएको छ। अहिले कार्यान्वयन चरणमा रहेको पन्ध्रौं आवधिक योजनाले समावेशीकरण सम्बन्धी विषय क्षेत्रगत लक्ष्यमा मानव विकास सूचाङ्कको आधारमा पछाडि परेका समुदायको सशक्तिकरण र समानुपातिक विकास गर्ने लक्ष्य लिएको छ।

## १.२ वर्तमान स्थिती

विभिन्न तहबाट सकारात्मक प्रयासहरु हुँदाहुँदै पनि विकास प्रकृयाको मुलप्रवाहमा आउन नसकेका वा पछाडी पर्न गएका विभिन्न लक्षित वर्गहरु जस्तैः महिला, दलित, आदिबासी जनजाति, मुस्लिम समुदाय, पिछडावर्ग, सिमान्तकृत, अल्पसँख्यक, अपाङ्गता भएका ब्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसँख्यक, श्रमिक, उत्पिडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रुपले विपन्न खसआर्य लाई नेपालको संविधानले समावेशी सिद्धान्तको आधारमा राज्यका विभिन्न निकायहरुमा सहभागी हुन पाउने हकलाई मौलिक हकको रुपमा ब्यवस्था गरेको छ। संविधानमानै विभिन्न आयोगहरुको ब्यवस्था गरी समावेशीकरणलाई थप ब्यवस्थित, सुनिश्चित तथा प्रभावकारी बनाउने मार्ग स्पष्ट गरिएको छ।

नगरपालिकामा उपलब्ध आ.व. ०७८/७९ सम्मको अद्धावधिक विवरण अनुसार यहाँ ७० वर्ष माथिका ज्येष्ठ नागरिकहरुको सँख्या ३४९६ जना रहेको छ। ज्येष्ठ नागरिक दलितको सँख्या जम्मा ६१४ जना रहेको छ। त्यस्तै एकल महिलाको सँख्या ७५८ जना, विधवाको सँख्या ७६७ जना, पूर्ण अपाङ्ग १५५ जना, अतिअशक्त अपाङ्गको सँख्या २१३ जना र दलित वालवालिकाको सँख्या ६१२ जना समेत गरी कूल ६,६१५ जना नागरिकहरुले सामाजिक सुरक्षा भत्ता वुझ्ने गरेका छन। माथि उल्लेखित वर्गका सवै नागरिकहरुलाई न्यायोचित सम्वोधन गर्नु नगरपालिकाको दायित्व भएको हुनाले विगतका वार्षिक योजनाहरु देखिनै लैससासको क्षेत्रमा भानु नगरपालिकाले यथासक्य पहल गर्दै आएको छ।

## १.३ समस्याहरु

समावेशी लोकतन्त्रिक व्यवस्थालाई संस्थागत गर्न सबै वर्ग समुदायलाई न्याय प्रदान गर्न र शासन प्रकृयामा सबै नागरिकको पहुँच स्थापित गर्न सामाजिक समावेशीकरण र उनिहरुको मुलप्रवाहीकरण जरुरी छ। सामाजिक समावेशीकरणका मुख्य समस्याहरु समाधानका लागि एकिकृत नीति नहुनु, स्रोत, साधन, अवसर र लाभको बितरणमा लक्षित वर्ग एवम क्षेत्रको न्यायोचित पहुँच सुनिश्चित नहुनु, सामाजिक समावेशीकरणका लागि अद्दावधिक खण्डिकृत तथ्याङ्कहरुको अभाव हुनु, पछाडि परेका वर्ग र समुदायलाई आर्थिक तथा सामाजिक रुपमा सशक्तिकरण गर्न अपेक्षित रुपमा सफलता



चण्डिका पौडेल
प्रमुख प्रशासकीय अधिकृत

नमिल्नु, शासकीय प्रणालीमा सबै लिङ्ग, वर्ग र क्षेत्रका नागरिकहरुको अर्थपूर्ण सहभागिता र पहुँच सुनिश्चित हुन नसक्नु, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन प्रणालीमा समावेशीकरण सम्बन्धी सूचकहरु समावेश नहुनु, विभिन्न वर्ग, क्षेत्र र समुदाय बीच आर्थिक तथा सामाजिक विकासमा उच्च अन्तर रहनु र अलग अलग समुदाय र जातजाती बीच हुने व्यवहारगत विभेदहरु लाई समस्याको रुपमा लिईएको छ।

## १.४ चुनौतीहरु

सामाजिक समावेशीकरणको अवधारणामा सरोकारवालाहरु बीच साझा दृष्टिकोण कायम गर्नु; नीति निर्माण र कार्यान्वयनमा विभिन्न निकायहरुबीच समन्वय गर्नु; स्रोत साधन, अवसर र लाभमा पछाडी परेका वर्ग क्षेत्र र समुदायको समन्यायिक पहुँच सुनिश्चित गर्नु; पछाडी परेका वर्ग, क्षेत्र, उमेर, लिङ्ग र जातजातिमा व्याप्त गरिबी घटाउनु; बिभिन्न समुदाय तथा बर्गबीच रहेको आर्थिक, सामाजिक तथा शैक्षिक विभेदको अन्तर कम गर्नु; नगरपालिकाको योजना तर्जुमा प्रक्रियामा लैससासको सवाल मुलप्रवाहीकरण गराउनु; संस्थागत संरचनामा लक्षित समुदायको प्रतिनीधित्व सुनिश्चित गराउनु; लक्षित वर्गको आयस्तरमा भएको असमानतालाई हटाउनु; र विद्यमान शासकीय पद्धतिको मुल मर्म र कानुनी व्यबस्थाका वारेमा लक्षित वर्गलाई सुसुचित गराउनु जस्ता सवालहरु अझै केहि वर्षसम्म चुनौतीपूर्ण हुन सक्दछन।

## १.५ अवसरहरु

समावेशीकरणलाई प्रवर्धन र अवलम्वनका लागि प्रोत्साहन गर्न नेपालको वर्तमान शासकीय व्यवस्था, वर्तमान संविधानमा भएका ब्यबस्थाहरु, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, नेपाल सरकारले अन्तराष्ट्रिय स्तरमा जनाएका प्रतिवद्धताहरु, स्थानीय सरकारलेनै नीति तथा कानुन निर्माण गर्ने अधिकारले भानु नगरपालिकालाई पनि लैङ्गिक समानता र सामाजिक समावेशीकरणमैत्री गाउँ बनाउने अवसर प्राप्त भएको छ।

## १.६ लैससास रणनीतिको आवश्यकता

पछिल्ला वर्षहरुमा लैससासको क्षेत्रमा नेपालमा क्रमिक सुधारहरु भएतापनि सन्तुष्ट भईहाल्ने अवस्था भने अझै भईसकेको छैन अथवा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा अझै धेरै काम गर्न बाँकी छ। भानु नगरपलिकाको आ.व. ०७७/७८ को स्वमुल्याङ्कन नतिजा अनुसार सामाजिक समावेशीकरण को क्षेत्रमा केवल ४० प्रतिशत मात्र अङ्क प्राप्त भएको देखिनुले पनि यस नगरपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा गर्नुपर्ने काम धेरै बाँकी



चण्डिका पौडेल
प्रमुख प्रशासकीय अधिकृत

भएको पुष्टि हुन्छ। "शसक्तीकरण विनाको समावेशीकरण अर्थहिन हुन्छ" (Inclusion without empowerment is meaningless) भन्ने मान्यता पनि रहेकोले क्षमता विकासको क्षेत्रमा यस नगरपालिकाले अवस्य पनि धेरै काम गर्न बाँकी रहेको यो नतिजाले पनि पुष्टी गर्दछ। त्यस्तैगरी लैससास परीक्षण प्रतिवेदनले रणनीति र कार्यनीति तर्जुमा गर्न सुझाव दिएको छ। अतः माथि उल्लेखित एवम सुचिकृत देहायका कारणहरुले गर्दा भानु नगरपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिको आवश्यकता पुष्टी हुन्छः

- संविधानले परिकल्पना गरेको सामाजिक समाबेशीकरण सहितको शासन व्यबस्था प्रवर्धन गर्न।
- नगरपालिकामा समाबेशिकरण सम्बन्धी नीतिगत एकरुपता र सामञ्जस्यता कायम गर्न।
- नगरपालिकाको नीति तथा कार्यक्रम र बजेटलाई मार्गदर्शन गर्न।
- नगरपालिकाको नीति कानुन र संरचनामा लैससासलाई मुलप्रवाहीकरण गर्न।
- नगरपालिका अन्तर्गत सञ्चालन हुने नीति, योजना तथा कार्यक्रमहरुलाई मार्गदर्शन गर्न।
- नगरपालिका क्षेत्रमा कृयाशिल विकासका सरोकारवालाहरु बीच बुझाईमा एकरुपता कायम गर्न र लैससास सम्बन्धी कानुनी व्यबस्थाको कार्यान्वयनमा सहयोग पुर्याउन।
- संघीय सरकारले राष्ट्रिय तथा अन्तराष्ट्रिय जगतमा व्यक्त लैससास सम्बन्धी प्रतिवद्धता अनुरुप सृजित दायित्वहरु पुरा गर्न।
- लोकतन्त्रका लाभहरुलाई सवै वर्ग समुदायमा वितरण गरी सामाजिक न्याय स्थापित गर्न।
- दिगो विकासको लक्ष्य प्राप्तिमा सहयोगी भूमिका वहन गर्न।

चण्डिका पौडेल
प्रमुख प्रशासकीय अधिकृत

भानु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फुङ्गेटार, तनहुँ
गण्डकी, प्रदेश, नेपाल
२०७३

# खण्ड दुईः लैससास रणनीति

भानु नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी सोँच, लक्ष्य, उद्देश्यहरु, रणनीति एवम कार्यनीतिहरु यसप्रकार छन:

## २.१ दीर्घकालीन सोंच

"समृद्ध तथा समतामूलक भानु र सुखी नगरवासी"

## २.२ दीर्घकालीन लक्ष्य

सामाजिक समावेशीकरणलाई शासन प्रणालीका सबै अवयवहरुमा मुलप्रवाहीकरण तथा आन्तरिकीकरण गर्दै संस्थागत सुदृढिकरण गर्ने।

## २.३ उद्देश्यहरु

आर्थिक, सामाजिक, प्रशासनिक र राजनीतिक रुपमा पछाडी परेका समुदाय र व्यक्तिहरुको सशक्तीकरणको माध्यमबाट सबै विषय क्षेत्र तथा संरचनामा पहुँच सुनिश्चित गर्ने यस लैससास रणनीतिको साधारण उद्देश्य हो भने विशिष्ट उद्देश्यहरु तपशिल बमोजिम छन:

(क) नगरपालिकाको नीति, कार्यक्रम तथा बजेट लैससास उत्तरदायी बनाउने।

(ख) पछाडी परेका वर्ग र समुदायका नागरिकहरुको निर्णय प्रकियामा सहभागिता सुनिश्चितता गर्ने।

(ग) पछाडी परेका वर्गलाई सशक्तिकरणको माध्यमवाट सार्वजनिक स्रोत, साधन र लाभको उपयोगमा पहुँच सुनिश्वत गर्ने।

(घ) सरोकारवालाहरु विच बुझाईमा एकरुपता कायम गर्न र लैससास सम्बन्धी कानुनी व्यबस्थाको कार्यान्वयन प्रभावकारी बनाउने।

(ङ) नेपाल सरकारले प्रतिवद्वता व्यक्त गरे अनुसार दिगो विकासको लक्ष्य प्रासिमा सहयोग पुर्याउने।

(च) राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा लैससास सम्बन्धमा गरिएका अन्य विभिन्न प्रतिवद्धताहरु पुरागर्न सोही अनुरुप कृयाकलापहरु तय गर्ने।

चण्डिका पौडेल
प्रमुख प्रशासकीय अधिकृत

भानु नगरपालिका नगर कार्यपालिकाको कार्यालय फुङ्गटार, तनहुँ गण्डकी, प्रदेश, नेपाल २०७३

## २.४ रणनीति तथा कार्यनीतिहरु

रणनीति र कार्यनीतिहरु बीच परस्पर तर्कसँगत सम्बन्ध (logical relation) रहने भएको हुँदा भानु नगरपालिकाका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति र कार्यनीतिहरु यसप्रकार तयार गरिएको छः

| रणनीति | कार्यनीति |
|---|---|
| १. लैससास अवधारणालाई संस्थागत गर्न स्थानीय आवश्यकता अनुरुप कानुन तथा मापदण्डहरु तर्जुमा गर्नुका साथै विद्धमान कानुनहरुलाई परिमार्जन गरी कार्यान्वयन गर्ने। | (१) नगरपालिकाका विधमान कानूनी दस्तावेजहरुलाई लैससासको दृष्टिकोणबाट आवश्यकता अनुसार पुनरावलोकन र परिमार्जन गरिनेछ।<br>(२) आवश्यक नयाँ कानून, नीति, मापदण्ड तथा कार्यविधीहरु लैससासको मर्म अनुरुप तर्जुमा गरिनेछ।<br>(३) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी रणनीतिहरुको प्रभाव र परिणामका सम्बन्धमा आवधिक रुपमा तथ्यगत एवम वस्तुनिष्ठ समिक्षा गरिनेछ।<br>(४) नेपाल पक्ष भएका यस सम्बन्धी अन्तराष्ट्रिय महासन्धी अनुरुपका दायित्वहरुलाई कार्यान्वयन गर्न आवश्यक कानुनी व्यवस्था गरिनेछ।<br>(५) लैससास सम्बन्धी कानुनहरु तथा कार्यविधीहरु निर्माण वा परिमार्जन गर्दा सम्बन्धित सरोकारवाला पक्षहरुसँग परामर्श तथा समन्वय गरिनेछ।<br>(६) पछाडि परेका नागरिकहरुको सामाजिक समावेशिकरणको मान्यता अनुरुप सशक्तिकरण गर्न गैह्रसरकारी सँघसँस्थाहरुसँग सहकार्य गरिनेछ।<br>(७) लैससास सम्बन्धी नीति, रणनीति तथा कार्यक्रमहरुको कार्यान्वयनलाई प्रभावकारी बनाउन नगरका सबै सँयन्त्रहरुलाई परिचालन गरिनेछ।<br>(८) महिला हकको सँरक्षण तथा प्रगति सम्बन्धी नीति, कानुन, सिद्धान्त, योजना तथा नियमावली तर्जुमा तथा कार्यान्वयन गर्ने। |
| २. नगरपालिकाको आवधिक योजना, मध्यकालीन खर्च सँरचना, बार्षिक योजना, कार्यक्रम तथा बजेटहरु लैससासको भावना अनुरुप तर्जुमा गरी कार्यान्वयन गर्ने। | (१) लैससासको दृष्टिकोणबाट महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, लैङ्गिक तथा यौनिक अल्पसँख्यक, एकल महिला, सिमान्तकृत तथा पछाडी परेका वर्ग र समुदायको आवश्यकता पहिचान गरिनेछ। |



चण्डिका पौडेल
प्रमुख प्रशासकीय अधिकृत

| रणनीति | कार्यनीति |
| --- | --- |
| | (२) लैससासको दृष्टिकोणबाट विगतका अभ्यास तथा प्रतिफलमा आधारित भई वार्षिक योजना आवधिक योजना, कार्यक्रम तथा बजेट तर्जुमा गरिनेछ।<br>(३) वार्षिक, आवधिक योजना तथा कार्यक्रमहरु र बजेट तर्जुमा गर्दा महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, एकल महिला, लैङ्गिक तथा यौनिक अल्पसँख्यक, सिमान्तकृत तथा पछाडी परेका वर्ग र समुदायका लागी न्युनतम प्रतिशत तोकिनेछ।<br>(४) प्राकृतिक विपद, आपत तथा स्वास्थ्य महामारी जस्ता जोखिम अवस्थाहरुमा लक्षित समुदायका लागि आवश्यक पर्ने उद्धार, राहत र पुर्नस्थापना सम्बन्धी स्पष्ट नीति तयार गरिनेछ।<br>(५) लक्षित समुदायहरुलाई योजनाको मुल्याङ्कन लगायत सो वाट सृजित लाभ लिन तथा अवसरहरुको उपयोग गर्न स्थानीय स्तरमा टोल विकास सँस्था लगायतका सामुदायिक सँस्थाहरुलाई परिचालन गर्नुका साथै सँस्थागत स्वमुल्याङ्कन प्रणालीलाई अवलम्वन गरिनेछ। |
| ३. नगरपालिकाका गतिविधीहरुमा लैससास मूलप्रवाहिकरण गर्न संस्थागत संरचनाहरु निर्माण गर्ने। | (१) नगरपालिकाको नेतृत्व तहमा महिलाको राजनीतिक तथा प्रशासनिक भूमिका सकृयताका साथ प्रवर्धन गर्ने।<br>(२) नगरपालिकामा लैससास निर्देशक समिति गठन गर्नुका साथै वडातहमा बन्ने समितीहरु पनि लैससासको मर्म अनुरुप निर्माण भई सोही अनुरुप परिचालित हुनेछन।<br>(३) लैससास निर्देशक समिती र अन्य समितीहरुको कार्यभार, जिम्मेवारी र अधिकारहरु स्पष्ट पारि सोही वमोजिम परिचालन गरिनेछ।<br>(४) लैससास निर्देशक समिती र अन्य समितीहरुलाई कार्य जिम्मेवारी प्रभावकारी रुपमा बहन गर्न आवश्यकता अनुसार क्षमता विकास गरिनेछ। |
| ४. नगरपालिकाको नीति तथा योजनाहरु सहभागितात्मक रुपमा तयार गर्न आवश्यकता अनुसार थप कार्यविधि निर्माण गर्ने। | (१) सहभागितात्मक योजना तर्जुमा प्रकृया अनुसार योजना तर्जुमा गर्दा टोल स्तरवाटनै लक्षित समुदायलाई अर्थपूर्ण सहभागीता गराईनेछ।<br>(२) बजेट सिलिङमानै लक्षित समुदायका लागि बजेटको सुनिश्चितता गरिनेछ।<br>(३) नगरपालिकाको योजना तर्जुमा तथा सार्वजनिक सरोकारका विषयवस्तुहरुको जानकारी लक्षित समुदायसम्म पुर्याउन सञ्चार माध्यमहरुवाट सूचनाहरु सम्प्रेषण गरिनेछ। |



चण्डिका पौडेल
प्रमुख प्रशासकीय अधिकृत

| रणनीति | कार्यनीति |
|---|---|
| | (४) प्रत्येक वडामा मानव विकास सुचाङ्क, वहुआयामिक गरिवी मापन लगायत अन्य आधारमा पछाडि परेका विभिन्न क्षेत्र, वर्ग र समुदायको पहिचान गरी वडागत अद्धावधिक खण्डिकृत सुचनाहरु भएको एकिकृत database तयार गरिनेछ। |
| ५. नगरपालिकाको योजना तर्जुमा प्रक्रियामा लक्षित समुदायको अर्थपुर्ण सहभागिता सुनिश्चितत गर्ने। | (१) नगरपालिका एवम वडा तथा समुदायस्तरमा गठन गरिने विभिन्न सञ्जाल, समूह तथा समितिहरुमा महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, लैङ्गिक तथा यौनिक अल्पसँख्यक, सिमान्तकृत तथा पछाडी परेका वर्ग र समुदायको समानुपातिक सहभागिताको आधारमा प्रतिनिधित्व तथा सहभागिता सुनिश्चित गरिनेछ।<br>(२) नगरपालिका तहको नीति, कानून, योजना, कार्यक्रम, बजेट आदी तर्जुमा गर्दा महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, एकल महिला, लैङ्गिक तथा यौनिक अल्पसँख्यक, सिमान्तकृत तथा पछाडी परेका वर्ग र समुदायको अर्थपूर्ण सहभागिता तथा प्रतिनिधित्व सुनिश्चित गरिनेछ।<br>(३) नगरपालिका बाट गठन हुने संरचनाहरुमा महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, एकल महिला, लैङ्गिक तथा यौनिक अल्पसँख्यक, सिमान्तकृत तथा पछाडी परेका वर्ग र समुदायको सकृय सहभागिता सुनिश्चित गरिनेछ।<br>(४) योजना तर्जुमा प्रकृयाका चरणहरु लगायत योजनाबाट सृजित अवसर तथा लाभको वितरणमा लक्षित वर्गको प्रतिनिधित्व सुनिश्चित गरिनेछ। |
| ६. नगरपालिकाको योजना तथा बजेट तर्जुमा गर्दा लैससास उत्तरदायी बजेटको मर्म अनुसार गर्ने। | (१) खण्डिकृत तथ्याङ्कहरुलाई समय अनुसार अद्यावधिक गरी त्यसैका आधारमा योजना तर्जुमा र योजनाको प्रगति समिक्षा गरिनेछ।<br>(२) महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, लैङ्गिक तथा यौनिक अल्पसँख्यक, एकल महिला, सिमान्तकृत तथा पछाडी परेका वर्ग र समुदायको आवश्यकताको पहिचान लैससासको दृष्टिकोणबाट गरिनेछ।<br>(३) नगरपालिकाको योजना तथा बजेट तर्जुमा गर्दा लैससास उत्तरदायी कार्यविधि बनाई प्रयोगमा ल्याईनेछ। |
| ७. लैङ्गिक दृष्टिकोणवाट लक्षित समुदायप्रति जवाफदेफी रहेको कुराको सुनिश्चितता गर्न लैङ्गिक परीक्षण, सामाजिक परीक्षण तथा गुनासो सुन्ने संयन्त्र सुनिश्चित गर्ने। | (१) नगरपालिकाको बजेट तथा कार्यक्रमलाई वार्षिकरुपमा लैससासको दृष्किोणवाट परीक्षण गरिनेछ।<br>(२) नगरपालिकामा लैससास सम्पर्क व्यक्ति तोकेर कार्यजिम्मेवारी स्पष्ट पारिनेछ। |



चण्डिका पौडेल
प्रमुख प्रशासकीय अधिकृत

भानु नगरपालिका नगर कार्यपालिकाको कार्यालय बन्दीपुर, तनहुँ गण्डकी प्रदेश, नेपाल २०७३

| रणनीति | कार्यनीति |
|---|---|
| | (३) नगरपालिकाका सूचनाहरु सम्प्रेषण गर्दा आवश्यकता र सम्भाव्यताका आधारमा लक्षित समुदायहरुको मातृभाषा समेतमा गरिनेछ।<br>(४) नगरपालिका बाट नियमितरुपमा सार्वजनिक सुनुवाई गरिनेछ।<br>(५) सार्वजनिक सुनुवाई गर्दा लक्षित समुदायको उपस्थिति र लैससासका सवाललाई उचित सम्बोधन गरिनेछ।<br>(६) लक्षित समुदायको गुनासो सुन्नकालागि गुनासो सुन्ने संयन्त्र निर्माण गरिनेछ।<br>(७) लैङ्गिक हिंसाका घटनाहरुलाई शुन्यमा झार्न निरोधात्मक, प्रवर्धनात्मक र सुरक्षात्मक उपायहरु अवलम्बन गरिनेछ। |
| ८. नगरपालिकाको आन्तरिक मूल्याङ्कन विधि र यससँग सम्बन्धित सूचकहरुलाई लैससास उत्तरदायी बनाइनेछ। | (१) नगरपालिकाको मूल्याङ्कन विधि र सूचकहरुलाई परिमार्जन गरी खण्डिकृत सूचनाको व्यवस्था र प्रतिवेदन तयार गर्ने पद्धती विकास गरिनेछ।<br>(२) समिक्षा गर्दा खण्डिकृत तथ्याङ्क र प्रतिवेदनलाई आधार मानिनेछ।<br>(३) पछाडि परेका व्यक्ति तथा समुदायहरुसँग सम्बन्धित आधारभुत र खण्डिकृत तथ्याङ्क सङ्कलन, विश्लेषण, अभिलेखन एवम प्रतिवेदन तयारी र सम्प्रेषणका लागि वास्तविक समयमा आधारित (Real time base) सूचना प्रणाली विकास गरिनेछ। |
| ९. नगरपालिकामा हुने समितिहरु तथा वडागत विभिन्न संरचनाहरुको क्षमता विकासको व्यवस्था गर्ने। | (१) नगरपालिकाका सेवा प्रदायकहरु, सरोकारवाला र अधिकारवादी संघसंस्थाहरुको लैससास सम्बन्धी ज्ञानमा भएको रिक्तता पहिचान गरी आवश्यकता अनुसार क्षमता अभिवद्धी गरिनेछ।<br>(२) लैससास सम्बन्धी क्षमता विकास कार्यक्रमलाई नगरपालिकाको क्षमता विकास योजनाको अभिन्न अङ्ग बनाईनेछ।<br>(३) नगरपालिका स्तरमा लैससास सम्बन्धी मास्टर प्रशिक्षकहरु तयार पारी आवश्यकता अनुसार परिचालन गरिनेछ।<br>(४) योजना तर्जुमा प्रकृयामा संलग्न कर्मचारी र संघसंस्थाहरुलाई लैससासका समस्या र चुनौतिहरु समाधान गर्न विभिन्न उपायहरु अवलम्बन गर्नुका साथै लैससास उत्तरदायी योजना तथा बजेटका विधिहरु बारेमा क्षमता अभिवृद्धि गर्दै लगिनेछ। |

चण्डिका पौडेल
प्रमुख प्रशासकीय अधिकृत

| रणनीति | कार्यनीति |
|---|---|
| | (५) नगरपालिकावाट सञ्चालन हुने सवै तालीम, अन्तरक्रिया र गोष्ठीहरुमा अनिवार्यरुपमा लैससासको विषय समेट्नुका साथै लैससास प्रवर्द्धनका योजनाहरु कार्यान्वयन गरिनेछ।<br>(६) लैङ्गिक हिंसा, घरेलु हिंसा, अन्धविश्वास, छुवाछुत, कुरिति, लगायतका गलत परम्परा, हानिकारक मूल्य,मान्यता र व्यवहारका विषयमा लक्षित वर्ग जनप्रतिनिधि र स्थानीय संघसस्थाहरुलाई अभिमुखीकरण गरिनेछ।<br>(७) विभिन्न सञ्चारका माध्यमवाट सचेतनामुलक सन्देश तथा कार्यक्रमहरु सञ्चालन तथा प्रसारण गरिनेछ।<br>(८) लैङ्गिक हिंसा विरुद्धमा विद्यमान कानुनमा भएका व्यबस्थाहरु वारे प्रचार प्रसार तथा सचेतीकरण गराईनेछ। |
| १०. लैससासको क्षेत्रमा कृयाशिल सरोकारवाला संघसंस्थाहरुको क्षमता अभिवृद्धी गरी समन्वय र सहकार्यको क्षेत्रलाई थप फराकिलो बनाउने। | (१) स्थानीय स्तरमा लैससासको क्षेत्रमा उल्लेख्य काम गर्ने समुह, संस्था तथा ब्यक्तिका असल काम अनुसरण गर्न प्रोत्साहन गरिनेछ।<br>(२) लैससास सम्बन्धी भएका असल अभ्यासहरु अन्तरपालिका तहमा आदान प्रदान गर्नुका साथै वडा वडाहरुमा पनि असल अभ्यास तथा सिकाईहरुलाई आदान प्रदान गरिनेछ।<br>(३) नगरपालिकामा रहेका माध्यमिक विद्यालयका सामाजिक विषय अध्यापन गराउने शिक्षकहरुलाई लैससासका वारेमा अभिमुखीकरण गरिनेछ।<br>(४) नगरपालिकाको तर्फबाट वार्षिकरुपमा लैससास प्रवर्धन गर्ने सूचना शिक्षा र सञ्चार सामग्रीहरु प्रसारण तथा प्रकाशन गरिनेछ।<br>(५) स्थानीय तहमा गठन हुने वालक्लब, महिला अथवा आमा समुह, सहकारी, किशोर किशोरी समुहरुमा लैससास सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।<br>(६) लैससासका सवाललाई न्यायिक समितिमा प्रमुख प्राथमिकताका साथ सुनुवाई गरिनेछ।<br>(७) महिला, अपाङ्गता भएका व्यक्ति तथा आर्थिक रुपमा विपन्न वर्ग तथा समुदायका लागि सिपमुलक, आयमुलक, उद्यमशिलता जस्ता अर्थोपार्जन र जिवनोपयोगी कार्यक्रमहरु सञ्चालन गरिनेछ।<br>(८) लिङ्गमा आधारित हिंसा र भेदभावपुर्ण व्यवहार विरुद्धका हरेक क्रियाकलाप तथा कार्यक्रमहरुमा किशोर तथा पुरुषहरुको अर्थपूर्ण सहभागिता गराईनेछ। |

भानु नगरपालिका नगरकार्यपालिकाको कार्यालय भानु, तनहुँ गण्डकी प्रदेश, नेपाल २०७३



चण्डिका पौडेल
प्रमुख प्रशासकीय अधिकृत

भानु नगरपालिका नगर कार्यपालिकाको कार्यालय बन्दीपुर, तनहुँ गण्डकी प्रदेश, नेपाल २०७३

| रणनीति | कार्यनीति |
|---|---|
| ११.लैससास केन्द्रित स्रोतसाधन वितरण सम्बन्धी कार्यविधि र मापदण्डहरु तर्जुमा गर्ने। | (१) नगरपालिकाबाट सञ्चालन हुने योजना तथा कार्यक्रमहरुमा महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, लैङ्गिक तथा यौनिक अल्पसँख्यक, सिमान्तकृत तथा पछाडी परेका वर्ग र समुदायका ब्यक्तिहरुसँग सम्बन्धित खण्डिकृत तथ्याङ्कहरु नियमित रुपमा अध्यावधीक गरिनेछ।<br>(२) नगरपालिकाबाट सञ्चालित आयोजनाहरुको अनुगमन तथा मुल्याङ्कन लैससासको दृष्टिकोणबाट गरिनेछ।<br>(३) नगरपालिकाबाट प्रवाह हुने सेवा तथा कार्यक्रमहरुको प्रभावकारीता लैससासको दृष्टिकोणबाट पुनरावलोकन तथा समीक्षा गरिनेछ।<br>(४) विद्धमान सँरचनाहरुमा समावेशिकरण सम्बन्धी आवश्यक प्राव्धानहरु समावेश गरी लक्षित कार्यक्रमहरु तर्जुमा र कार्यान्वयन एवम त्यस सम्बन्धी अध्ययन, अनुसन्धान तथा अनुगमन र मुल्याङ्कनको व्यवस्था गरिनेछ।<br>(५) नगरपालिकाबाट सञ्चालित कार्यक्रम वा प्रवाह हुने सेवा, सुविधा र कार्यक्रमको अनुगमन तथा मुल्याङ्कनमा लक्षित समुदायहरुको सहभागितामा अल्पकालिन तथा दिर्घकालिन सुचकहरु तयार गरिनेछ। |
| १२. लैससास प्रवर्धनका लागी नागरिक समाज र अधिकारमुखी संघसंस्थाहरुसंग समन्वय र सहकार्य गर्ने। | (१) लैससासको क्षेत्रमा नगरपालिकामा कृयाशिल अधिकारवादी संघसंस्थाहरुको तथ्याङ्क अद्यावधिक गरिनेछ।<br>(२) संघसंस्थाहरुका कृयाकलापहरुलाई लक्षित वर्गसम्म पुर्याउन समन्वय र सहकार्य गरिनेछ।<br>(३) संघसंस्थाहरुलाई आवश्यकता अनुसार क्षमता अभिवृद्धि गरी समन्वय र सहकार्यको क्षेत्रलाई थप प्रभावकारी बनाईनेछ।<br>(४) समावेशिकरणका लागि विभिन्न निकायहरुबाट सञ्चालित लक्षित कार्यक्रमहरुमा दोहोरोपना हुन नदिन समन्वय गरिनेछ।<br>(५) जोखिम तथा हिँसामा परेका महिला, बालबालिका, किशोर, किशोरी, अपाङ्ग, अनाथ, टुहुरा, सडक बालबालिका लगायत अभिभावक विहिन नागरिकको सँरक्षण, पुनस्थापना तथा क्षमता विकास गर्न सामुदायिक प्रहरी, गैह्रसरकारी सँस्थाहरु र अन्य निकाय तथा व्यक्तिहरुसँग सहकार्य गरिनेछ। |

चण्डिका पौडेल
प्रमुख प्रशासकीय अधिकृत

भानु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बन्दीपुर(?) तनहुँ
गण्डकी, प्रदेश, नेपाल
२०७३

## २.५ सम्भावित जोखिम र न्युनिकरणका उपायहरु

उल्लेखित रणनीति र कार्यनीतिहरु कार्यान्वयनको क्रममा आउन सक्ने सम्भाव्य जोखिम तथा चुनौती एवम तिनको निराकरणका लागि देहायका उपायहरु अबलम्बन गरिनेछः

| सम्भावित जोखिम | न्युनीकरणका उपायहरु | जिम्मेवार निकाय |
|---|---|---|
| सामाजिक समावेशीकरणको विषयले सबै वडाहरुमा समान महत्व नपाउन सक्दछ। | नगरपालिकाका नीति, कार्यक्रम तथा बजेटमा लैससासलाई प्राथमिकतामा राख्ने। | सम्बन्धित शाखा, वडा कार्यालय तथा सहयोगी संघसंस्थाहरु। |
| सामाजिक समावेशीकरणको माध्यमबाट सृजना हुने लाभ र अन्य अवसरहरुमा सम्बन्धित समुदायका व्यक्तीहरुकै पहुँच कम हुन सक्ने। | लक्षित समुदायको नक्शाङ्कन गर्ने तथा लक्षित कार्यक्रम मार्फत सशक्तिकरण गर्ने। | सम्बन्धित शाखा, वडाकार्यालय तथा सहयोगी संघसंस्थाहरु। |
| सामाजिक समावेशीकरण सम्बन्धमा नगरपालिका स्तरका नीति निर्माताहरुकै वुझाईमा एकरुपता नहुन सक्ने। | जनप्रतिनीधिहरुका लागि क्षमता अभिवृद्धीका कार्यक्रमहरु सञ्चालन गर्ने। | सम्बन्धित शाखा, वडा कार्यालय तथा सहयोगी संघसंस्थाहरु। |
| समावेशीकरणमा सहयोग पुर्याउने खालका कार्यक्रमहरुले नियमित योजना तथा कार्यक्रमहरुमा समान महत्व नपाउन सक्ने। | आवश्यक स्रोत आङ्कलन गरी व्यवस्थापन गर्न मार्ग निर्देशन द्वारा निर्देशित गर्ने। | सम्बन्धित शाखा, वडा कार्यालय तथा सहयोगी संघसंस्थाहरु। |

## २.६ अपेक्षित उपलब्धीहरु

भानु नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिबाट निम्नानुसारको नतिजा अपेक्षा गरिएको छः

(क) नगरपालिकाका विकास नीतिहरु, कानून व्यवस्था तथा मापदण्डहरु लैससास उत्तरदायी हुनेछन।

(ख) योजना तर्जुमा देखि कार्यान्वयन र अनुगमन तथा मुल्याङ्कन प्रक्रियामा समेत लक्षित वर्गको सकृय सहभागिता भई सार्वजनिक स्रोत, साधन र लाभको उपयोगमा उक्त वर्गको पहुँचमा सुधार भई समतामूलक समाज श्रृजना हुनेछ।

(ग) नगरपालिकाको कार्यक्रम तथा बजेट लैससास उत्तरदायी हुनेछ।

चण्डिका पौडेल
प्रमुख प्रशासकीय अधिकृत

(घ) सेवा प्रदायक, सरोकारवाला, अधिकारकर्मी सघंसंस्थाहरुको लैससास सम्बन्धमा क्षमता अभिवृद्धी भई समान बुझाई स्थापित भई सोहि अनुरुपको कार्यशैली विकास भएको हुनेछ।

(ङ) नेपाल सरकार दिगो विकास लक्ष्य र अन्य लक्ष्यहरु प्राप्त गर्न अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिबद्धता तथा गण्डकी प्रदेश सरकारले प्रथम पञ्चवर्षीय योजना मार्फत लैससास सम्बन्धमा गरेका अपेक्षाहरु पुरा गर्न सहयोग पुग्नेछ।

## २.७ संस्थागत संरचना

यस रणनीतिमा समावेश गरिएका प्राब्धानहरुलाई समावेशीकरणको अवधारणा अनुरुप प्रभावकारी रुपमा कार्यान्वयन गर्न निम्न बमोजिमको सामाजिक समावेशीकरण नीति निर्देशक समितिको ब्यवस्था गरिनेछ।

| | |
|---|---|
| नगर प्रमुख | - संयोजक |
| नगर उपप्रमुख | - सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| सामाजिक विकास समितिका सँयोजक | - सदस्य |
| कार्यपालिका सदस्यहरु मध्येबाट कार्यपालिकाले तोकेका २ जना | - सदस्य |
| संघसंस्थाहरुबाट प्रतिनिधित्व हुने गरी सँयोजकले तोकेका २ जना | - सदस्य |
| सामाजिक बिकास शाखा प्रमुख | - सदस्य सचिव |

निर्देशक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ र आफ्ना काम, कार्वाहीहरुलाई थप ब्यवस्थित बनाउन कार्यविधी तयार गर्न सक्नेछ।

निर्देशक समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछनः

(क) रणनीति पुनरावलोकन र परिमार्जनका लागि खाका तयार गर्ने।

(ख) रणनीति कार्यान्वयनका लागि सम्बद्ध वडा तथा निकायहरु बीच सहकार्य, सहजीकरण र समन्वय गर्ने।

(ग) सामाजिक समाबेशीकरण सम्बन्धमा बजेट तथा कार्यक्रम तर्जुमा र सञ्चालन गर्न आवश्यक समन्वय सहकार्य तथा प्रोत्साहन गर्ने।

चण्डिका पौडेल
प्रमुख प्रशासकीय अधिकृत

(घ) सामाजिक समावेशीकरण मुलप्रवाहीकरणका लागि संस्थागत प्रणाली र विधी स्थापित गर्नुका साथै त्यसको अनुगमन तथा मूल्याङ्कनको सुनिश्चितता गर्ने।

(ङ) सामाजिक समावेशीकरणको मर्म अनुरुप आयोजना प्राथमिकीकरण गर्न वडाहरुको क्षमता विकास गर्ने गराउने।

(च) बिकास कार्यक्रमहरुको सामाजिक लेखाजोखा र परीक्षण गर्ने गराउने।

(छ) सामाजिक समावेशीकरण सम्बन्धी नीतिहरु कार्यान्वयन गर्ने क्रममा आउन सक्ने सम्भाव्य जोखिमहरुको आँकलन र न्युनीकरणका उपायहरु अवलम्बन गर्ने।

## २.८ अनुगमन तथा मूल्याङ्कन

यस दस्तावेजमा समावेश गरिएका रणनीतिहरुको प्रभावकारिता मापनका लागि सूचकहरु निर्माण गरिनेछ र तिनै सुचकहरुका आधारमा अनुगमन तथा मूल्याङ्कन गरी रणनीतिहरुमा समसामयिक पुनरावलोकन र परिमार्जन गरिनेछ।

## २.९ कार्ययोजना

| क्र.स. | प्रमुख क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी एवम सरोकारवालाहरु | आर्थिक स्रोत | समय सीमा |
|---|---|---|---|---|---|
| १ | विद्यमान कानुन, नीति, मापदण्ड तथा कार्यविधिहरु पुनरावलोकन गर्ने | नगरपालिका | विषय विज्ञहरु | नगरको बजेट | रणनीति स्विकृत भएको ३ महिना भित्र |
| २ | जनप्रतिनिधि र सरोकारवाला निकायहरु बिचमा रणनीतिको औचित्य, महत्व र यसको प्रभावका बारेमा अभिमुखिकरण | नगरपालिका | मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु | संघ, प्रदेश, नगरपालिका, र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरुवाट प्राप्त बजेट समेत | रणनीति स्विकृत भएको २ महिना भित्र |
| ३ | लैससास सम्बन्धी विषयवस्तु हेर्नका लागि focal person तोक्ने र नगरपालिकामा लैससास सम्बन्धी विशेषज्ञता विकास गर्दै जाने | महिला तथा बालबालिका शाखा, सामाजिक विकास | मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु। | संघ, प्रदेश, नगरपालिका, र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरुवाट प्राप्त बजेट समेत | रणनीति स्वीकृत भएको ३ महिना भित्र focal person तोक्ने र विशेषज्ञताको विकास निरन्तर |



चण्डिका पौडेल
प्रमुख प्रशासकीय अधिकृत

भानु नगरपालिका नगर कार्यपालिकाको कार्यालय फुर्सेटार, तनहुँ गण्डकी प्रदेश, नेपाल २०७३

| क्र.स. | प्रमुख क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी एवम सरोकारवालाहरु | आर्थिक स्रोत | समय सीमा |
|---|---|---|---|---|---|
| | | शाखा, तथा योजना शाखा | | | रुपमा गरिरहने |
| ४ | लैससासको प्रभावकारीता बारे त्रैमासिक रुपमा समिक्षा गर्ने र नियमित रुपमा सुधार गर्दै जाने | बालबालिका शाखा, सामाजिक शाखा, तथा योजना शाखा | मानव अधिकार तथा सामाजिक न्यायकोक्षेत्रमा कार्यरत संघसंस्था तथा विषय बिज्ञहरु | संघ, प्रदेश, नगरपालिका, र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरुवाट प्राप्त बजेट समेत | रणनीति स्वीकृत भएको १ महिना भित्र, त्यसपछी निरन्तर रुपमा बर्षभरी |
| ५ | रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि वडाहरुमा लैससास समिति र लैससास सम्बन्धी कार्ययोजना निर्माण गर्ने। | महिला बालबालिका शाखा, सामाजिक शाखा, तथा योजना शाखा | मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु | संघ, प्रदेश, नगरपालिका, र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरुवाट प्राप्त बजेट समेत | रणनीति स्वीकृत भएको छ महिना भित्र |
| ६ | लैससास रणनीति कार्यान्वयनमा उत्कृष्ट हुने वडालाई पुरस्कृत गर्ने परिपाटी विकास गर्ने | नगरपालिका | मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु | संघ, प्रदेश, नगरपालिका, र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरुवाट प्राप्त बजेट समेत | कम्तीमा वर्षको एकपटक आर्थिक वर्षको अन्तमा |
| ७ | लैससास रणनीतिहरु पुनरावलोकन गर्ने र समसामयीक रुपमा परिमार्जन तथा संसोधन गर्ने | नगरपालिका | मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु | संघ, प्रदेश, नगरपालिका, र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरुवाट प्राप्त बजेट समेत | हरेक ३ वर्षमा |
| ८ | रणनीति कार्यान्वयनको निरन्तर समिक्षाका साथै अनुगमन, मुल्याङ्कनका लागि आवश्यक सुचकहरु निर्माण गर्ने र सोको आधारमा नियमित अनुगमन गर्ने | योजना शाखा | मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु | संघ, प्रदेश, नगरपालिका, र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरुवाट प्राप्त बजेट समेत | रणनीति स्वीकृत भएको ६ महिनामा |



चण्डिका पाडेल
प्रमुख प्रशासकीय अधिकृत

भानु नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेँसीटार, तनहुँ गण्डकी, प्रदेश,नेपाल २०७३

| क्र.स. | प्रमुख क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी एवम सरोकारवालाहरु | आर्थिक स्रोत | समय सीमा |
|---|---|---|---|---|---|
| ९ | वार्षिक बजेटहरुमा न्यूनतम प्रतिशत रकम लक्षित समुदायका लागि तोक्ने | नगरपालिका | मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघसंस्था तथा विषय विज्ञहरु | संघ, प्रदेश, नगरपालिका, र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरुवाट प्राप्त बजेट समेत | हरेक आर्थिक वर्षमा |
| १० | लक्षित वर्गसँग सम्बन्धित खण्डीकृत तथ्याङ्कहरु अद्यावधिक गर्ने | महिला तथा बालबालिका शाखा, सामाजिक शाखा, तथा योजना शाखा | मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु | संघ, प्रदेश, नगरपालिका, र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरुवाट प्राप्त बजेट समेत | रणनीति स्वीकृत भएको ४ महिना भित्र |

## २.१० कार्यान्वयन समिति

यस रणनीतिमा उल्लेखित प्राव्धानहरुलाई कार्यान्वयन तथा अनुगमन गर्ने कार्यका साथै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्दिष्ट गरेका नीति अनूरुप सामाजिक समावेशीकरणको कार्यलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्न भानु नगरपालिकामा देहाय बमोजिमको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति कार्यान्वयन समिति रहनेछः

प्रमुख प्रशासकीय अधिकृत - संयोजक

सामाजिक विकास समितिको एकजना प्रतिनीधी - सदस्य

संघसस्थाहरु मध्येवाट नगरपालिकाले तोकेका कम्तीमा एक महिला सहित २ जना - सदस्य

प्रमुख, सामाजिक विकास शाखा - सदस्यसचिव

लैससास कार्यान्वयन समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) लैससासलाई नगरपालिकाका विकास कार्यक्रमहरुमा मुलप्रवाहीकरण गर्ने।

(ख) सामाजिक समाबेशीकरणको कार्यलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्न नेतृत्वदायी भूमिका निभाउने,

(ग) लैससास नीति अनुरुप लैङ्गिक तथा सामाजिक समाबेशीकरण कार्यविधि तयार गरी कार्यान्वयन गर्ने गराउने।

चण्डिका पौडेल
प्रमुख प्रशासकीय अधिकृत

(घ) रणनीति कार्यान्वयन गर्न आफ्नो जिम्मेवारी वहन गर्ने र अन्य निकाय तथा कार्यालयसंग कार्यगत समन्वय कायम गर्ने।

(ङ) रणनीति कार्यान्वयन सम्बन्धी अनुगमन तथा मुल्याङ्कन गर्ने गराउने।

(च) महिला, वालबलिका लगायत वन्चितीकरणमा परेका समुदायसँग सम्बन्धित खण्डिकृत तथ्याङ्कहरु सङ्कलन एवम विश्लेषण गर्ने।

(छ) आवधिक, वार्षिक, योजना तर्जुमा कार्यान्वयन वजेट वाँडफाँड खर्चको लेखाजोखा, अनुगमन तथा मुल्याङ्कन प्रणाली सामाजिक समावेशीकरणको मर्म अनुरुप भए नभएको विश्लेषण गर्ने र सामाजिक समोबेशीकरण उत्तरदायी बनाउन सुझाव दिने।

(छ) लैससास सम्बन्धी क्षमता अभिवृद्धि योजना तयार गरी कार्यान्वयन गर्ने गराउने।

(ज) लैससास मूलप्रवाहीकरण र यस रणनीतिको प्रभावकारी कार्यान्वयनको लागि सरोकारवाला र अधिकारमुखी संघसंस्थाहरुसंग समन्वय र सहकार्य गर्ने गराउने।

(झ) सामाजिक समावेशीकरण रणनीति कार्यान्वयन गर्ने क्रममा आउन सक्ने सम्भावित जोखिमहरु समाधान गर्न आवश्यक पहल गर्ने।

चण्डिका पौडेल
प्रमुख प्रशासकीय अधिकृत